# लुम्विनी बैंक लिमिटेडको
# तेह्रौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण (माईन्यूट)

यस बैंकको मिति २०६७ साल कार्तिक २९ गते बसेको संचालक समितिको २७८ औं बैठकको निर्णय अनुसार मिति २०६७ साल मंसिर २५ गते शनिवारका दिन यस लुम्बिनी बैंक लिमिटेडको १३ औं बार्षिक साधारण सभा बैंकको संचालक समितिका अध्यक्ष श्री प्रकाश श्रेष्ठज्यूको अध्यक्षतामा उद्योग बाणिज्य संघ नारायणगढ, चितवनमा बसी देहाय बमोजिम सम्पन्न भयो ।

## १. वार्षिक साधारण सभाको छलफलको विषयसूची :

**क) सामान्य प्रस्ताव :**

१.१ संचालक समितिको प्रतिवेदन २०६६/६७ पारित गर्ने ।

१.२ लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६६/६७ को नाफा-नोक्सान हिसाव तथा नगद–प्रवाह विवरण स्वीकृत गर्ने ।

१.३ बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६७/६८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बर्तमान लेखापरीषक श्री खगेन्द्र भट्टराईज्यू पुनः नियुक्त हुन योग्य हुनु हुन्छ)

**ख) विविध :**

## २. सभाको सूचना सम्बन्धी जानकारी :

यस १३ औं बार्षिक साधारण सभाको सूचना नागरिक राष्ट्रिय दैनिकमा प्रथम पटक २०६७ साल मंसिर १ गते र दोश्रो पटक २०६७ साल मंसिर २० गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । साथै साधारण सभा हुने मिति, स्थान, समय र विषय सूची खोलीएको सूचना सहित संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ आषाढ मसान्तको वासलात, आ.व.२०६६/६७ को नाफा–नोक्सान हिसाव तथा सोही अवधिको नगद–प्रवाह विवरण लगायतका कागजातहरु बैंकका शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगानामा यथा समयमानै प्रेषित गरिएको थियो ।

## ३. उपस्थिति :

३.१ संचालक समितिका पदाधिकारीहरु :

१. अध्यक्ष श्री प्रकाश श्रेष्ठ
२. संचालक श्री किशोर मल्ल
३. संचालक श्री सुवर्णलाल श्रेष्ठ
४. संचालक श्री सुशिल कुमार अर्याल
५. संचालक श्री रामकाजी कोने
६. संचालक श्री उत्तमदास श्रेष्ठ
७. संचालक श्री मदनलाल जोशी
८. संचालक श्री दिब्यनिधि बिष्ट

## २. शेयरधनीहरु :

| | |
|---|---|
| १. शेयरधनी महानुभावहरु स्वयं उपस्थित | ६९ |
| २. प्रोक्सी मार्फत उपस्थित | २४ |

## ४. गणपूरक संख्या :

यस साधारणसभामा निम्नबमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिती रहेको थियो ।

| विवरण | उपस्थिति | | | | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | कूल संख्या | स्वंय (क) | प्रतिनिधिबाट (ख) | जम्मा (क+ख) | |
| शेयरधनीहरु | ११,६७० | ६९ | २४ | ९३ | - |
| शेयर संख्या | १,२९,४५,४७६ | ४८,९२,०८८ | ३६,३४,४९९ | ८५,२६,५८७ | ६५.८६% |

## ५. सभाको वैधानिकता :

साधारण सभाको सुरुमा यस तेह्रौं वार्षिक साधारण सभाको वैधानिकताको सम्बन्धमा कम्पनी सचिव श्री दीपक गौतमले कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावलीमा भएका प्रावधानहरु बमोजिम साधारण सभा बोलाइएको तथा साधारण सभाको सूचना शेयरधनी महानुभावहरुलाई कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम पठाइएको तथा नागरिक राष्ट्रिय दैनिकमा प्रथम पटक तथा कान्तिपुर राष्ट्रिय दैनिकमा दोस्रो पटक सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार माथि उल्लेखित तालिका बमोजिमको उपस्थितिले आवश्यक गणपूरक संख्या समेत पुगेको र सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु सभामा भाग लिन योग्य रहेको व्यहोरा कम्पनी सचिव श्री दिपक गौतमले सभा समक्ष प्रस्तुत गर्नु भयो ।

उपरोक्त जानकारी पश्चात उपस्थित शेयरधनी महानुभावहरुबाट साधारण सभा गर्न मन्जूर गरी साधारण सभाको काम कारवाही अगाडी वढाउन स्वीकृति प्रदान गरियो ।

## ६. सभाको अध्यक्षता र सभा सञ्चालन :

६.१ बैंकका संचालक समितिका अध्यक्ष श्री प्रकाश श्रेष्ठज्यूको अध्यक्षतामा सभा सञ्चालन भयो ।

६.२ अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत एवं अभिवादन सहित आफ्नो मन्तव्य व्यक्त गर्दै बैंकको आ.व.२०६६/६७ को संचालक समितिको प्रतिवेदन सभा समक्ष पेश गर्नु भयो ।

## ७. छलफलको लागि आव्हान :

७.१ सभा समक्ष अध्यक्षज्यूले संचालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएपश्चात लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ आषाढ मसान्तको वासलात, आ.व. २०६६/६७ को नाफा–नोक्सान हिसाव तथा सोही अवधिको नगद–प्रवाह विवरण छलफलको लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा सहभागि भईदिन सभालाई अनुरोध गर्नु भयो ।

७.२ उपरोक्त छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझाव व्यक्त गर्नु भयो ।

१. श्री शिव सुन्दर श्रेष्ठ
२. श्री लवराज जोशी
३. श्री नारायणसुन्दर श्रेष्ठ

## ८. मन्तव्य, जिज्ञासा तथा सुझाव :

८.१ शेयरधनी श्री शिवसुन्दर श्रेष्ठज्यूले बैंकको सभामा उपस्थित सबै सभा सदस्यहरुलाई अभिवादन गर्नु हुँदै देहाय बमोजिम मन्तव्य व्यक्त गर्नु भयो :

१) यस लुम्विनी बैंक अत्यन्तै खराव अवस्थाबाट आज Complete Turarround भई एक सवल बैंकमा परिणत भएकोमा हामीलाई निकै खुशी लागेको छ ।

२) बैंकको शाखा विस्तार गर्दा रिमिटेन्स व्यवशायलाई समेत ध्यानमा राखिनु पर्दछ । र, सोही अनुसारको Software पनि बिकास गर्नुपर्दछ । आवश्यक भएमा यस व्यवशायमा मद्दत पुग्ने खालको Software खरिद गर्न तर्फ बिचार गर्नुपर्दछ ।

३) बैंकका शेयरधनीहरुको खाता खोल्दा बैंकको हितमा नै हुनेछ । वीमा एजेन्टको रुपमा समेत काम गर्ने ।

४) निक्षेपमा आशानुकुल बृद्धि हुन सकेको छैन । निक्षेप संकलनको लागि नयां शाखाहरु खोलिएको ठांउहरुमा सके सम्म Door to Door Campaign गर्ने र रिमिटेन्स राम्रो भएमा निक्षेप संकलन पनि राम्रो सम्भावना रहन्छ ।

५) संस्थागत भन्दा सर्वसाधारणहरुको साना तथा व्यक्तिगत खाताहरु/निक्षेपहरुलाई बढी प्राथमिक्ता दिंदा बैंकको Deposit Base राम्रो हुनेछ ।

६) प्रतीतपत्रको कारोवार पहिलेको भन्दा घटेको देखिन्छ । स्थानीय प्रतीतपत्रको कारोवारबाट (Local L/C) पनि बैंकलाई राम्रो आय अर्जन हुनसक्ने भएबाट यस प्रति पनि बैंकको सोच बनाउनु पर्दछ ।

७) बैंकले लगानी गर्दा ठूला प्रोजेक्टहरुमा (Mega Project) लगानी गर्दा लगानीको प्रतिफलको लागि केही समय लाग्ने हन्छ तर साना तथा मझ्यौला प्रोजेक्टहरुमा लगानी बृद्धि गर्दा बैंकको आय आर्जन पनि राम्रो हुनेछ ।

८) बैंकले पुरानो Software छोडी अव नयां Banking Software तर्फ बिचार गर्नुपर्ने ।

९) बन्ड तथा ऋणपत्रहरु जारी गरेर भए पनि बैंकको पुरकपूंजी बढाउन सकिने भएकोले यस तर्फ पनि बैंकले सोच बनाउनु पर्दछ ।

१०) बैंकका सस्थापक शेयरधनीहरु नागरिक लगानी कोष तथा संचय कोषलाई पनि बैंकमा फन्ड राखी दिन अनुरोध गर्दछु ।

८.२ शेयरधनी श्री लवराज जोशीज्यूले बैंकको सभामा उपस्थित सबै सभा सदस्यहरुलाई अभिवादन गर्नुहुँदै देहाय बमोजिम मन्तव्य व्यक्त गर्नु भयो :

१) हामी शेयरधनीहरुको सुझावहरुलाई कार्यन्वयन गर्ने संचालक समिति, बैंक व्यवस्थापन र कर्मचारीहरुलाई हार्दिक अभिवादन गर्दछु ।

२) २०६२ सालमा झन्डै ४१ प्रतिशतको निष्कृय कर्जा रहेको आज उक्त निष्कृय कर्जा न्यून भई ३.५७ पुगेको छ । र, बैंकहरुलाई तरलताको अभाव हुंदा समेत यस बैंकलाई तरलताको समस्या भएन ।

यसबाट बैंकको व्यवस्थापनको कुशलता र संचालक समितिसंगको राम्रो सम्वन्ध र बिश्वास रहेको देखिन्छ ।

३) बैंकको यस आर्थिक वर्षको वासलात अध्ययन् गर्दा अब बैंकले शेयरधनीहरुलाई प्रतिफल दिनसक्ने अवस्थामा पुगेको जस्तो देखिन्छ ।

४) बैंकले लगानी गर्दा ठूला प्रोजेक्टहरुमा मात्र (Mega Project) लगानी गर्नु भन्दा राम्ररी बिश्लेषण गरि साना तथा मझ्यौला व्यवशायहरु/प्रोजेक्टहरुमा लगानी गर्दा बैंकको मुनाफामा बृद्धि हुनुका साथै कर्जा जोखिम पनि न्यून हुने हुंदा यस्ता किसिमका उद्योग व्यवशायमा लागनी बृद्धि गर्दा बैंकको हितमा नै हुनेछ ।

५) नयां खोलिएका शाखाहरु निक्षेप संकलनमा बढी परिचालन गर्दा निक्षेपमा बृद्धि हुने र सोही अनुरुप बैंकको लगानीमा पनि बृद्धि हुनेछ । बैंकको नयां शाखा कार्यालयहरु पनि Profit Center भई बैंकको मुनाफा बृद्धि गर्नमा योग्दान पुऱ्याउन सफल भएको अवस्थामा बैंकको बिकास हुनेछ भने शेयरधनीहरुले प्रतिफल पाउने छन् र कर्मचारीहरुले पनि वोनस ऐन अनुसारको वोनसहरु पाउने अवस्था हुन्छ ।

६) आर्थिक वर्ष २०६६/०६७ मा यस बैंकको सञ्चालन मुनाफा रु.३०.२१ भएको देखिन्छ । यस बैंकको जम्मा ५ वटा शाखा मात्र भईकन पनि अन्य ५० वटा भन्दा बढी शाखा कार्यालहरु भएको बैंकहरु भन्दा पनि बढी मुनाफा गरेको निकै सराहनीय छ ।

७) तर निक्षेपको हकमा भने भर्खरै मात्र आएका बैंकहरुको निक्षेप हेर्ने हो भने पनि रु.१० अरव देखि रु.१७ अरव सम्म रहेको छ । यसर्थ हामीले पनि निक्षेप बृद्धिमा पनि ध्यान दिनु पर्‍यो ।

८) बैंकले आफ्नो रजिष्टर्ड कार्यालय रहेको स्थान यस नारायणगढ चितवनमा आफ्नो भवन निर्माण गर्ने योजना बनाएकोमा हामीलाई खुशी लागेको छ ।

९) कर्मचारीहरुको बृति बिकासमा तथा मनोवल र उत्प्रेरणामा (Motivation) बृद्धि गर्ने आवश्यक तालीम तथा पुरस्कारको व्यवस्था गर्ने गराउने ।

१०) बैंकको मानव संसाधनको बिकास तथा यथोचित परिमार्जन गर्नाले बैंकले ट्रेजरी तथा रिमिटेन्सबाट समेत बैंकलाई राम्रो आय आर्जन गर्ने स्रोत हुनेछ ।

११) बैंकले लुम्बिनी बैंकलाई छिटो, छरितो, गुणस्तरीय एवं विश्वासिलो सेवा प्रदान गर्नको लागि अपनाएको तीन वटा सिद्धान्तहरु “Service Within 10 Minutes”, “May I Help You” & “Quality on Everything we do and all the Time” भन्ने तीन वटा सिद्धान्तहरु लाई प्राथमिकताका साथ लागू गरेकाले निश्चय पनि ग्राहकहरुको बिश्वास जित्न सफल हुनेछ भन्ने मलाई लागेको छ ।

१२) बैंकले सामाजिक दायित्व (Corporate Social Responsibility) अर्न्तगत अवल दर्जामा उतीर्ण हुने शेयरधनीहरुको छोरा छोरीहरुलाई छात्रबृतिको व्यवस्था गर्ने सुझाव दिन चाहान्छु ।

८.३ शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठज्यूको मन्तब्य तथा सुझाव :

१) आज यस सभामा शेयरधनीहरुको खाता खोल्ने सम्वन्धमा चर्चा भएको छ तर यसरी बैंकका शेयरधनीहरुको खाता खोल्दा सधैं बैंकको हितमा नै हुनेछ भन्ने छैन, किनभने शेयरधनहिरुले पनि जहां आफुलाई बढी फाइदा हुन्छ त्यस बैंकमा मात्र बढी निक्षेप जम्मा गर्ने हुंदा Zero Balance मा मात्र खोलिने खाताको संख्या बृद्धि हुने र बैंकलाई स्टेटमेन्ट प्रिन्ट खर्च मात्र बढने अवस्था आईपर्ने हुंदा यस प्रति पनि बैंकले सोच्नु पर्दछ ।

२) रिमिटेन्स मात्र बढी केन्द्रित भई तथा बैंकको शाखा मात्र बढाएर पनि बैंकको निक्षेप बृद्धि हुने अवस्था रहदैन यसर्थ बैंकले आफुलाई फाईदा हुने अर्थात Profitable Situation हेरेर मात्र निक्षेप तथा बैंकको लगानी बढाउनु पर्दछ । High Cost निक्षेप बढाएर मात्र बैंकको अवस्था राम्रो हुदैन । यसबाट Long Term मा बैंकलाई प्रतिकुल प्रभाव पार्न सक्दछ । यसर्थ बैंकले आफुलाई मुनाफा हुने तरिकाबाट मात्र काम गर्नु उपयूक्त हुनेछ ।

३) कर्मचारीहरुको सम्वन्धमा पनि बिचार गर्दा हामीले बैंकलाई फाइदा हुने वा बैंकको मुनाफामा योग्दान गर्नसक्ने कर्मचारीहरुलाई Incentives दिएर भए पनि राख्ने तर बैंकलाई आवश्यक नभएको वा बैंकको हितमा नहुने किसिमका कर्मचारीहरुको सम्वन्धमा Hire & Fire को प्रणाली अनुसार काम गर्नु पर्दछ ।

४) म्यूचल फन्डमा (Mutual Fund) लगानी गर्ने भन्दा पनि यतिबेला बैंकले आफ्नो शेयरधनीहरुलाई कसरी लाभान्स दिन सकिन्छ भन्ने तर्फ मात्र केन्द्रित हुन जरुरी छ ।

५) बैंकको लेखापरिक्षण समितिमा ५ जना सदस्यहरु रहेको देखिन्छ । र, ५ जना मध्ये १ जना बैंक कै कर्मचारी रहेकोले बैठकमा ४ जना गैर संञ्चालकहरु मत बरावर भएकोले निर्णायक मत नहुन सक्ने अवस्था हुन सक्ने भएकोले उक्त समितिमा ३ जनाको वा ५ जनाको लेखा समिति बनाउने सुझाव दिन चाहान्छु ।

६) आज बैंकको १३ औं वार्षिक साधारण सभा हो र अन्य १३ औं वर्ष पुरा गरेका बैंकहरुसंग यस बैंकको नाफा नोक्सान खाता र खुद मुनाफा तथा तरलताका साथै बैंकमा भएको सुधारहरुलाई बिश्लेणात्मक ढंगले तुलना गर्ने हो भने यस बैंकको Performance निकै राम्रो छ । अव यस बैंकलाई नराम्रो बैंक भन्न मिल्ने अवस्था छैन भने अरु कसैसंग मर्जर (Merger) गर्नुपर्ने अवस्था पनि छैन ।

७) बैंकको बित्तीय बिवरणहरु हेर्दा अझ पनि रु.१७ करोड संञ्चीत नोक्सानी देखिन्छ र खुद मुनाफा करिव ३१ करोड देखिन्छ अत: बैंकले अझ बढी मुनाफा गरि रु.१७ करोड संञ्चीत नोक्सानी कटाई र २० प्रतिशत रिजर्भ फण्डमा राख्नु पर्ने रकम छुटाई बांकी रकम शेयरधनीहरुलाई लाभान्स बितरण गर्नु पर्ने हुन्छ ।

८) बैंकले आगामी दिनहरुमा आफ्नो मुनाफा बृद्धि गर्नको लागि Non Expense Fund बढाएर लैजानु पर्दछ ।

९) नेपाल राष्ट्र बैंकको नियमानुसार बैंकले आफ्नो चुक्ता पूंजी २ अरव पुर्‍यानु पर्ने हुंदा हाल बैंकको चुक्ता पूंजी रु.१.३० अरव रहेको छ अव एक पटक पुन: रु.८१ करोडको हकप्रद शेयर जारी गर्ने हो भने बैंक निकै सवल अवस्था पुग्ने देखिन्छ ।

१०) यसबाट बैंकको लगानी गर्न सक्ने क्षमतामा बृद्धि हुनुका साथै Non Expense Fund पनि बढ्ने हुंदा बैंकले आगामी वर्षहरुमा भने पक्कै पनि २० देखी २५ प्रतीशत सम्म बैंकले लाभान्स दिन सक्नेछ भन्ने मलाई लागेको छ ।

९. **अध्यक्षज्यूको जवाफ :**

शेयरधनीहरुबाट उपरोक्त बमोजिम बैंकको विविध पक्षहरुमा सुझाव प्रस्तुत गर्दै जिज्ञासा राख्नु भएकोमा धन्यवाद दिंदै शेयरधनी महानुभावहरुको सुझावलाई आत्मसात गरी संभव भए जति सुझावहरु भविष्यमा लागु गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै अध्यक्षज्यूले निम्न बमोजिमको जवाफ दिनु भयो :

९.१ आजको यो साधारण सभा सायद हामीहरुको एक अत्यन्तै महत्वपूर्ण र राम्रो रहको महसुस गरेको छु । केही वर्ष अगाडी मलाई यस बैंकको अध्यक्षता गर्ने अवसर मिलेको थियो । तर त्यस वखत यस बैंकको अवस्था निकै कठिन र नाजुक थियो । तर, हाल बैंकमा निकै नै सुधारहरु भएका छन् । यति छिटो बैंक यो अवस्थामा आइपुग्दछ भन्ने हामीलाई पनि लागेको थिएन । निश्चय पनि यो उपलब्धि बैंक ब्यवस्थापन र संचालक समिति तथा बैंकका कर्मचारीहरुको समूहगत प्रयासबाट प्राप्त भएको हो । हाम्रो जस्तो समस्याग्रस्त बैंकमा सुधार गर्न एउटा कुशल, अनुभवी र सक्षम संचालक समिति तथा ब्यवस्थापनको आवश्यक्ता पर्दछ भन्ने हामीले सोंच बनायौं र आज त्यसको नतिजा हामी सबै सामु छ । अतः यो हाम्रो एउटा सफल प्रयास रह्यो । म र मेरा सहकर्मी संचालक साथीहरुले ब्यक्तिगत हितहरु तथा धेरै कुराहरु त्याग गरि संस्थाको हितलाई सर्वोपरी बनाउदै बैंकको लागि आवश्यक र उपयूक्त निति नियमहरु अंगाल्दै गयौं । भनिन्छ, सबैले बलेको आगो ताप्दछन् तर यस बैंकमा यहां शेयरधनी माहानुभावहरु, कर्मचारी वर्ग तथा मेरा सहकर्मी संचालकज्यूहरु सबैले यस बैंकलाई सुधार गर्नुपर्दछ र हामी सबैको साझा प्रयासबाट यो सफल हुन्छ भन्ने अठोट राखि बैंकको साथ नछोड्नु भएकोमा म आफ्नो तर्फबाट र बैंकको तर्फबाट पनि आभार प्रकट गर्न चाहान्छु । आज यस बैंकमा भएको सुधार हामी सबैको साझा प्रयास हो । यहांहरुको Valuable Suggestions हामीहरुले आफ्नो कार्यनीतिमा समेत समावेश गर्ने नै छौं । र, यहांहरुको जिज्ञासामा अझ बढी प्रकाश पारिदिनु हुन म यस बैंकका प्रमुख कार्यकारी अधिकृत श्री शोभन देव पन्तज्यूलाई अनुरोध गर्दछु ।

१०. **अध्यक्षज्यूको अनुमतिले बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूको जवाफ** :

१०.१ यस १३ औं बार्षिक साधारण सभामा शेयरधनी महानुभावहरु अनेकौं दुःख कष्ट सहेर भए पनि काठमाण्डौंबाट बैंकको साधारण सभामा उपस्थित भई हामीलाई निरन्तर सरसल्लाह/सुझाब दिनु हुन्छ जसको फलस्वरुप हामीले उक्त सुझावहरुलाई बैंकको निति निर्देशनमा सामेल गर्दै कार्यान्वयन गर्दै आएका छौं ।

१०.२ आज यस बैंकमा भएको सुधारहरुले गर्दा बैंक प्रति नेपाल राष्ट्र बैंकको समेत विश्वास बढेको छ । नेपाल राष्ट्र बैंकबाट समेत यस बैंकको बारेमा सकारात्मक टिप्पणीहरु आएकोले हामी प्रति नेपाल राष्ट्र बैंकको विश्वास बढेको देखिन्छ ।

१०.३ करिव ५ वर्ष अगाडी बैंकको निष्कृय कर्जा (NPA) झण्डै ४१ प्रतिशत थियो भने उक्त निष्कृय कर्जा आजको दिनमा न्यून भई ३ प्रतिशत भन्दा तल झरेको छ ।

१०.४ आ. व. २०६६/६७ को आषाढ मसान्तमा बैंकको संञ्चीत नोक्सानी (Accumulated Loss) रु.१७.१९ करोड थियो भने आजको दिनमा उक्त संञ्चीत नोक्सानी पनि Wipe Out भएको अवस्था छ ।

१०.५ हामीहरु अरु बैंकले के गरे भन्दा पनि अब आउने दिनहरुमा देखा पर्ने वा सम्भाब्य जोखिम तथा बाधा व्यबधानहरुको कसरी सामना गर्ने सोच बनाई संचालक समिति र व्यवस्थापन पक्षले संगठीत (Organised) रुपले बैंकको Road Map अर्थात Management Plan, 2067 तर्जुमा गरि लागु गरेका छौं ।

१०.६ उक्त Management Plan मा बैंकको Capital, Stability, Risk Management र Long Term Benefit लाई आधारशिला बनाई यहांहरुले दिनुभएको सुझावहरुलाई समेत सम्लग्न गरिएको छ । र, आगामी दिनहरुमा पनि यहांको सुझावहरुलाई हामी आफ्नो कार्यनितिमा उतार्ने प्रयास गर्ने नै छौं ।

१०.७ Remittance Business ले पक्कै पनि Deposit Growth मा टेवा पुचाउदछ । यसर्थ हामीले Japan र Saudi Arabia Segment को Remittance को विषयमा अध्ययन गरिरहेका छौं । यदी उक्त Segment(s) बैंकलाई Viable लागेमा हामी पक्कै पनि Remittance मा अगाडी बढ्ने नै छौं ।

१०.८ बैंकको Network बढाउने सवालमा पनि हामीले निकै ध्यान पुचाउनुपर्ने छ । ५०/५१ वटा शाखा कार्यालयहरु भएका बैंकहरुको पनि त्यति राम्रो निक्षेप तथा मुनाफा नभएको तपाई हामी सामु उदाहरणहरु छन । यसर्थ हाल खोलिएका बैंकको १० वटा नयां शाखाहरु बैंकको लागि Deposit Center बनाई सके पछि मात्र नयां शाखाहरु खोल्ने विषयमा बिस्तृत अध्ययन गरी अगाडी बढ्दा बैंकको हितमा देखिन्छ ।

१०.९ शेयरधनीहरुको खाता खोल्ने सम्बन्धमा पनि विचार गर्दा एउटै व्यक्ति अरु विभिन्न बैंकहरुको पनि शेयरधनी हुने हुंदा उहांहरुलाई जहां सुविधा हुन्छ त्यही निक्षेप जम्मा गर्न जाने हुंदा यस्तो खाताबाट बैंकलाई मुनाफा बृद्धीमा सहयोग हुने निक्षेप संकलन नहुने केवल Print Expenses मात्र बढ्ने सम्भावना पनि उत्तीकै हुन्छ ।

१०.१० यस बैंकका शेयरधनीहरु जस्तै कर्मचारी संचय कोष, नागरीक लगानी कोष तथा अन्य शेयरधनीहरुबाट पनि हामीले निक्षेप संकलन ठूलो सहयोग पाएका छौं ।

१०.११ बजारमा निक्षेप १२ प्रतिशतमा पनि पाउन अफठ्यारो स्थितिमा १०/१२ प्रतिशतमा ट्रष्ट रिसिप्ट (TR) कर्जा दिनु बैंकको हितमा नभएको र L/C खोलीसके पछि TR कर्जामा पनि लगानी गर्नु पर्ने अवस्था हुने भएबाट यस आर्थिक वर्षमा बैंकको L/C ब्यवसाय कम भएको छ ।

१०.१२ यस बैंकबाट ठूला प्रोजेक्टहरु (Mega Project) र Hydro Power मा लगानी गर्ने सम्बन्धमा पनि हामी धेरै नै सजग हुनुपर्ने अवस्था छ । किनभने यस्ता प्रोजेक्टहरुमा लगानी गर्दा लगानीको प्रतिफल आउन कम्तीमा पनि ३ देखि ५ वर्ष लाग्ने हुन्छ र जति लामो कर्जाको भाखा हुन्छ कर्जा जाखिम पनि उत्तीकै हुने हुन्छ । यसर्थ जब बैंकको Financial Capacity राम्रो हुनुका साथै बैंकमा उपलब्ध Long Term Fund को आधारमा हामी Potential Mega Projects मा लगानी गर्ने नै छौं ।

१०.१३ Mutual Fund, Insurance Agency and Micro Finance आदी क्षेत्रहरुमा सम्भाब्य मुनाफा र बैंकको आर्थिक अवस्था तथा स्रोत र साधनहरुलाई समेत बिचार गरी काम गर्न उपयुक्त हुने हुंदा आगामी दिनहरुमा यस प्रति हामी बिचार गर्ने नै छौं ।

१०.१४ समकालीन बैंकहरु तथा नयाँ बैंकहरुको निक्षेप धेरै छ । हामीले पनि निक्षेप र लगानी बृद्धी गर्नु पर्यो भन्ने पनि यहाँ चर्चा गरिएको छ । तर Deposit बढाउने भन्ने मात्र ठूलो होईन । तर निक्षेप कुन cost मा बढाउने भन्ने महत्वपूर्ण कुरा हो । यसै गरी कर्जाको साईज पनि सम्भाब्य जोखिमहरुको बिचार नगरी बढाउने हो भने, जम्मा २०/२५ करोडको कर्जा मात्र बिग्रीयो भने पनि बैंकलाई ठूलो भार पर्दछ । तसर्थ Portfolio बढाउने मात्र होईन सानो Portfolio बाट बढी नाफा कसरी गर्न सकिन्छ भन्ने तर्फ सोच्नु पर्दछ ।

१०.१५ धेरै बैंकहरुमा तरलताको अभावको कारणले निकै अफठ्यारो भोग्नु पर्यो तर यस बैंकलाई कुनै असर परेन । हामीहरु एउटै निक्षेपकर्तामा Deposit Centralization नगरीकन बसेको कारण र संचालक समिति एवं बैंक ब्यबस्थापनको समन्वय तथा समयमा नै यस प्रति सचेत भएकोले गर्दा हामीलाई तरलताको समस्या परेन ।

१०.१६ बैंकको Accumulated loss wipe out भएको छ । र, अव असहज परिस्थितीको अवस्था भएन र बैंकको निष्कृय कर्जामा पनि राम्रो असुली भएमा अर्को आर्थिक बर्षबाट निश्चय पनि लाभांन्स वितरण गर्न सकिन्छ भन्ने आशा राखेका छौं ।

१०.१७ बैंकको लेखापरिक्षण समितिमा रहनु भएका गैरकार्यकारी संचालकज्यूहरुको सामूहिक रुपमा दिनु भएको योगदानले आज लुम्बिनी बैंकमा सुधारहरु आएका छन । लेखापरिक्षण समितिको वर्तमान सदस्यहरुको योगदान महत्वपूर्ण रहेको छ ।

१०.१८ अन्य धेरै बैंकहरुको तुलनामा हेर्ने हो भने यस बैंकको PE Ratio निकै राम्रो छ ।

१०.१९ Hire & Fire भन्दा पनि हामीले बैंकका कर्मचारीहरुलाई आन्तरिक र बाह्य तालिमहरु प्रदान गरी उहांहरुको बृति  बिकास गर्ने कार्यलाई निरन्तरता दिने हाम्रो साचाई रहेको छ ।

११. अध्यक्षज्यू तथा प्रमुख कार्यकारी अधिकृतज्यूको उपरोक्त जवाफहरुप्रति शेयरधनी महानुभावहरु सन्तुष्ट हुनु भएकोले छलफल पश्चात निर्धारित विषय सूची बमोजिमका प्रस्तावहरु साधारण सभाबाट पारित गर्नको लागि अध्यक्षज्यूको आदेशानुसार बैंकका कम्पनी सचिव श्री दिपक गौतमबाट सभामा शेयरधनीहरु समक्ष प्रस्तुत गरियो ।

१२. **सभाको निर्णयहरु :**

१२.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०६६/६७ को संचालक समितिको प्रतिवेदन पारित गर्न सभामा प्रस्ताव पेश हुँदा सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

१२.२ लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ अषाढ मसान्तको वासलात, आ.व. २०६६/६७ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद-प्रवाह विवरण पारित गर्न सभामा प्रस्ताव पेश हुँदा सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

१२.३ बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६७/६८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पेश हुँदा बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम श्री खगेन्द्र एण्ड एशोसियट्लाई आ.व. २०६७/६८ को लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक बाह्रौं बार्षिक साधारण सभाले तोके बमोजिम निम्नानुसार हुने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

**पारिश्रमिक :**

| | |
|---|---|
| बाह्य लेखापरीक्षण शुल्क | रु.१,५०,०००/– |
| कर लेखापरीक्षण शुल्क | रु.१,५०,०००/– |
| लङ्गफर्म अडिट रिपोर्ट | रु.५०,०००/– |
| कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणित गरे वापत | रु.२५,०००/– |

१२.४ विविध शिर्षक अन्तर्गत छलफलको कुनै बिषय नभएको व्यहोरा अध्यक्षज्यूले जानकारी गराउनु भयो ।

**१३. धन्यवाद ज्ञापन :**

सभामा छलफल गर्ने बिषयहरु समाप्त भई पूर्व निर्धारित विषय सूची बमोजिमका सवै प्रस्तावहरु सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नु हुँदै सम्पूर्ण शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय, बैंकका शेयर रजिष्ट्रार नागरिक लगानी कोष, लेखापरीक्षक, पत्रकारहरु लगायत बैंकका कर्मचारीहरु एवं सहयोगीहरु सबैलाई अध्यक्षज्यूले धन्यवाद ज्ञापन गर्नुभयो ।

**१४. सभा विसर्जनः**

अन्त्यमा सभाका अध्यक्ष श्री प्रकाश श्रेष्ठज्यूले सबै शेयरधनी महानुभावहरुलाई वहाँहरुको सहभागिता तथा अमूल्य सुझावका लागि आभार प्रकट गर्दै आजको यस तेह्रौं बार्षिक साधारण सभा विसर्जन गर्नु भयो ।

| | |
|---|---|
| .......................... | ...................................... |
| (दिपक गौतम) | (प्रकाश श्रेष्ठ) |
| कम्पनी सचिव | अध्यक्ष |

इति सम्वत २०६७ साल मंसिर २५ गते रोज ७ शूभम्..........................................................................।